नेपाल सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
सहकारी विभाग
(प्रशासन तथा सहकारी प्रवर्धन शाखा)

फोन/फ्याक्स नं. : ४४६५३६२
Email: sahakaribivag@gmail.com
website: www.deoc.gov.np

नयाँबानेश्वर, काठमाडौं

पत्रसंख्या :- 074/075
चलानी नं.- 4006

मिति- २०७५/०३/२०

विषय - सम्पत्ती हस्तान्तरण सम्बन्धमा ।

श्री सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय - ५,
श्री डिभिजन सहकारी कार्यालय - ३३,

नेपाल सरकार (मन्त्री स्तर) को मिति २०७५/०३/१८ को निर्णयानुसार सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय तथा डिभिजन सहकारी कार्यालयहरूको सम्पत्ती हस्तान्तरण सम्बन्धमा तपसिलबमोजिम गर्ने गरी निर्णय भएकोले निर्णयानुसार गर्नु गराउनु हुन अनुरोध छ ।

१. कार्यालयहरूले मिति २०७५ असार मसान्तभित्र चालु आर्थिक वर्षको आन्तरिक लेखापरीक्षण सम्पन्न गरी आ.ले.प. प्रतिवेदन तथा वार्षिक आर्थिक विवरणसहित सक्कलै स्रेस्ता एवं पछिसम्म अभिलेख राख्नुपर्ने लेखा तथा प्रशासनतर्फका कागजातहरू सहकारी विभागको आर्थिक प्रशासन तथा स्रोत परिचालन शाखा वा प्रशासन तथा सहकारी प्रवर्धन शाखामा बुझाउने,
२. कार्यालय प्रमुखले जिन्सी निरीक्षण गराई ५ प्रति प्रतिवेदन तयार गरी १ प्रति सहकारी विभागमा, १ प्रति कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा, १ प्रति प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा, १ प्रति कोष तथा लेखा नियन्त्रक कार्यालयमा र १ प्रति बुदा नं. ३, ४ वा ५ बमोजिम हस्तान्तरण गरिने स्थानीय तह, प्रदेश मन्त्रालय वा कार्यालयमा पठाउने,
३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ५८५३, मिति २०७४/१२/२३ को परिपत्रमा भएको व्यवस्थाअनुसारको उपसमितिले कार्यालयको चल सम्पत्तिहरू (सवारी साधन, मेसिनरी औजार, फर्निचरलगायत) स्थानीय तहमा हस्तान्तरण गर्ने गरी निर्णय गरेकोमा सोहीबमोजिम अभिलेख राखी हस्तान्तरण गर्ने तथा अचल सम्पत्तिहरू (भवन, जग्गा, स्थायी संरचना आदि) को हकमा उल्लिखित उपसमितिले मन्त्रालयसमक्ष सिफारिस गरेकोमा मन्त्रालयको निर्णयानुसार गर्ने व्यवस्था मिलाउने,
४. बुँदा नं. ३ मा उल्लिखित उपसमितिले हस्तान्तरणको सिफारिस नगरेकोमा वा २०७५ असार १५ गतेसम्म त्यस्तो सिफारिस नगरेमा कार्यालयको सम्पूर्ण चल, अचल सम्पत्तिहरू हाल कार्यालय रहेको स्थानीय तहमा हस्तान्तरण गर्ने,

नेपाल सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
सहकारी विभाग
(प्रशासन तथा सहकारी प्रवर्धन शाखा)

फोन/फ्याक्स नं. : ४४६५३६२
Email: sahakaribivag@gmail.con
website: www.deoc.gov.np

नयाँबानेश्वर, काठमाडौं

पत्रसंख्या :-
चलानी नं.-

५. बुँदा नं. ३ र ४ मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका कार्यालयका हकमा देहाय बमोजिम गर्नेः

क. सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्की र कैलालीका साथै डिभिजन सहकारी कार्यालय धनुषा र मकवानपुरमा प्रदेश मन्त्रालय बसिसकेको हुँदा तत्-तत् कार्यालयको स्वामित्वमा रहेका हस्तान्तरण गर्न बाँकी सम्पूर्ण चल, अचल सम्पत्ति सम्वन्धित प्रदेश मन्त्रालयमा बुझाउने,

ख. हाल प्रदेश राजधानी रहेका मोरङ्ग, रूपन्देही र सुर्खेतस्थित डिभिजन सहकारी कार्यालयका नाममा रहेका सम्पूर्ण चल, अचल सम्पत्ति सम्बन्धित प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा बुझाउने,

ग. सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय सुनसरी, चितवन र बाँकेको चल, अचल सम्पत्तिका हकमा पछि मन्त्रालयबाट निर्णय भएबमोजिम गर्ने,

६. सरूवा तथा काजबाट व्यवस्थापन हुन बाँकी कर्मचारी व्यवस्थापनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा नामावलीसहित लेखि पठाउने र

७. बुँदा ६ बमोजिम कर्मचारीहरूको व्यवस्थापन नभएसम्मका लागि सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालयमा हाजिर हुने व्यवस्था मिलाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा तथा त्यसरी हाजिर हुने कर्मचारीलाई सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट नियमानुसारको तलवभत्ता उपलव्ध गराउने व्यवस्थाको लागि अर्थ मन्त्रालयमा अनुरोध गरी पठाउने ।

2075/03/20

( लीला बल्लभ चापागाई )
शाखा अधिकृत